# मनाङ ङिस्याङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

हुम्डे, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३


प.सं.:- ०८१/८२
च. नं.:-

मितिः-२०८२/०३/१३

सुचना नं.: ०२/२०८१/०८२ (तह वृद्धि)

**तह वृद्धिको लागि आवेदन दिने सम्बन्धि सूचना**

(सूचना प्रकाशन मितिः २०८२/०३/१३)

गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २७ तथा गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को नियम ४८ बमोजिम तह वृद्धि हुने पदभन्दा एक तह मुनिको पदमा तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पुरा भएका र तोकिए बमोजिमको पछिल्ला आर्थिक वर्षको कार्य सम्पादन मुल्यांकनमा तोकिए बमोजिमको अङ्क प्राप्त गरेका कर्मचारीहरुलाइ सम्बन्धित सेवा, समुह, उपसमुहभित्रको पदमा रहि तह वृद्धि गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ । सो ऐनको दफा ३१ बमोजिमको नकारात्मक सूचिमा नपरेका तह वृद्धि हुने भन्दा एक तह मुनिको सम्बन्धित सेवा, समुह र उपसमुहको पदमा यस कार्यालय र मातहत निकायमा कार्यरत स्थानीय सेवाका स्थायी इच्छुक कर्मचारी हरुले नियमावलीको अनुसूची-१५ बमोजिम आवेदन फारम भरी प्रशासन शाखा प्रमुख बाट प्रमाणित गराइ दुई प्रतिका दरले तयार गरि मिति २०८२ असार २७ गते सम्ममा तपशिलका कागजातहरु सहित यस कार्यलयको प्रशासन शाखामा बुझाउनुहुन सुचित गरिन्छ ।

**तपशिलः**

१. गण्डकी प्रदेशको स्थानीय सेवा( गठन तथा सञ्चालन) नियमावली २०८० को अनुसूची- १५ बमोजिको फारम नेपाली कागजमा २ प्रति,
२. सुरु नियुक्ति पत्रको प्रतिलिपि,
३. सरुवा तथा कामकाजको लागि खटिएका कर्मचारीहरुको हकमा रमाना पत्र र सरुवा वा कामकाजमा खटाइएको पत्र,
४. गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३१ बमोजिम नकारात्मक सूचिमा नपरेको स्वघोषणा,
५. पछिल्लो ५ आ.व. को कार्यसम्पादन मुल्यांकन फारम १/१ प्रति,
६. रित पूर्वकको निवेदन,
७. न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति
८. नेपाली नागरिकता प्रमाण प्रत्रको प्रतिलिपी १ प्रति ।

२०८२/३/१३

नविन क्षेत्री
नि. प्रमुख प्रशासकिय अधिकृत